## टीकापुर नगरपालिकाको मिति २०७८।०६।२५ गते बसेको ७८ औं कार्यपालिका बैठकको निर्णय :

**निर्णय नं.१** :- नेपालीहरुको महान पर्वको रुपमा रहेको विजया दशमी, शुभ दिपावली तथा छठ पर्व, २०७८ को पावन अवसरमा सम्पुर्ण नगरवासीहरुमा सुख, शान्ती र समृद्धिका लागि शुभकामना व्यक्त गर्नुका साथै हाल कोभिड-१९ को विषम परिस्थितीमा अनावश्यक भिडभाड नर्गन/नगराउन हुन आ-आफ्नो तर्फबाट सचेतता अपनाई कोभिड-१९ को संक्रमणलाई फैलन नदिन नगरवासीहरुमा अनुरोध/अपिल गर्ने ।

**निर्णय नं.२** :-जिल्ला कैलाली टीकापुर नगरपालिका वडा नं. १ घर भई टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, टीकापुर कैलालीको छैठौं तहको सि.अ.हे.व.अधिकृत पदमा कार्यरत वर्ष ५१ को बल बहादुर रावल (ना.प्र.नं.५/४२७८/२७०४, मिति २०४६/०२/२२, कैलाली) को वारिस काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ११ वस्ने वर्ष ४७ को वैजु प्रसाद शाह (मो नं.९८०४३४३६५७) ले टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलालीलाई विपक्षी बनाई उत्प्रेषण परमादेश समेतको आदेश जारी गरी पाउँ भन्ने विषयको उत्प्रेषण रिट नं. ०७८–WO–०१२९ सर्वोच्च अदालतमा दायर भई उक्त मुद्दाको म्याद तामेली मिति २०७८।०६।१३ गते भएकोमा टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको तर्फबाट मुद्दाको लिखित जवाफ पेश गर्ने, कानून व्यवसायी नियुक्त गर्ने, तारेखमा रुजु हाजिरी गर्ने लगायतका काम गर्नका लागि यस कार्यालयका कानुन अधिकृत श्री केशर बहादुर थापालाई अख्तियारी दिने ।

**निर्णय नं. ३** : यस टीकापुर नगरपालिकाको विपद् व्यवस्थापन सम्बन्धी कार्य व्यवस्थित गर्नको लागि **"विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना - २०७८"** स्वीकृत गर्ने ।

**निर्णय नं. ४** : टीकापुर नगरपालिका वडा नं. ३ रामपुर बस्ने रिशभ पण्डितले दक्षिण पट्टीको मुल बाटो देखि पूर्वी तर्फ रहेको सार्वजनिक बाटोमा आधारभुत स्वास्थ्य केन्द्र निर्माण गरिएकोमा उक्त भवनले मेरा घर र जग्गामा जाने आवगमनमा समस्या हुने भएकोले आवश्यक व्यवस्था गरिपाउँ भनि यस कार्यालयमा मिति २०७८।०५।०३ गते निवेदन पेश गरेको सन्दर्भमा उक्त भवनले निजको जग्गा तथा घरमा आवत जावतमा के कस्तो समस्या पर्छ र समस्या समाधानको लागि तपसिल बमाजिमको अध्ययन प्रतिवेदन समिति गठन गर्ने र उक्त समितिले १५ दिन भित्र नगरकार्यपालिकाको कार्यालयलाई प्रतिवेदन पेश गर्ने ।

**तपसिल** :

१.संयोजक : श्री अक्कल बहादुर माझी
२. सदस्य : श्री गंगाराम आचार्य
३.सदस्य : श्री वृजलाल महतों

**निर्णय नं.५** :-टीकापुर नगरपालिकाकामा राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभागबाट राष्ट्रिय परिचय पत्रका लागि खटिई आउनु भएका कर्मचारी (विवरण दर्ता अपरेटर) हरुबाट काम छिटो छरिटो गराउनको लागि प्रतिदिन प्रति व्यक्ति खाना खर्च वापत रु.३००।- (तीन सय) मात्र र वडाबाट बसाई व्यवस्थापनका लागि गरिएका खर्चको रकम वील बमोजिम भुक्तानी गर्ने ।

**निर्णय नं.६** :- यस नगरपालिकाको चालु आ.व.२०७८/७९ का लागि स्वीकृत तपसिलको आयोजना/कार्यक्रम संशोधनको लागि वडा नं. २ को वडा समितिबाट निर्णय भई आएकोले उक्त आयोजना/कार्यक्रम आगामी नगरसभा बैठकबाट अनुमोदन हुने गरी तपसिल बमोजिमको बजेट तथा कार्यक्रम संशोधन गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली नेपाल

**तपसिल :**

| क्र. सं. | आयोजनाको नाम | ठेगाना | रकम | संसोधन गर्नुपर्ने कारण | संसोधनपश्चातलागु हुने आयोजना |
|---|---|---|---|---|---|
| १ | जनजागृती मा.वि. सितापुरको विद्यालयको टिनको छाना भएको २ तले भवनमा ढलान आयोजनामा विनियोजित पुँजिगत खर्च | टी.न.पा. २ | ७,००,०००।- | जनजागृती मा.वि. सितापुरको विद्यालयको टिनको छाना भएको २ तले भवन शिक्षा कार्यालयको मापदण्ड अनुसार बनेकोले ढलान गर्न नमिल्ने | जनजागृती मा.वि. सितापुर विद्यालयको सभाहल निर्माण |
| २ | कालिका आधारभुत विद्यालयको शौचालय मर्मत तथा पक्कि पर्खाल निर्माण आयोजनामा विनियोजित पुँजिगत खर्च | टी.न.पा. २ | ६,००,०००।- | कालिका आधारभुत विद्यालयमा छात्र छात्राको संख्या बढी भएकोले शौचालयको आवश्यकता बढी भएकोले । | कालिका आधारभुत विद्यालयको छात्र छात्राहरुका लागि शौचालय निर्माण |
| ३ | किशोर किशोरीहरुलाई जीवन उपयोगी सिप प्रदान कार्यक्रममा चालु खर्चमा विनियोजित बजेट | टी.न.पा. २ | ५०,०००।- | किशोर किशोरीहरुलाई जीवन उपयोगी सिप प्रदान कार्यक्रमका लागि रकम अपुग हुने भएकोले | किशोर किशोरीहरुलाई खेलकुद सामग्री खरिद गरि उपलब्ध गराउने |
| ४ | सांस्कृतिक मेलापर्वहरुका लागी जर्गेना तथा प्रवर्धन कार्यक्रममा चालु खर्चमा विनियोजित बजेट | टी.न.पा. २ | ७०,०००।- | सांस्कृतिक मेलापर्वहरुको जर्गेना तथा प्रवर्धन सम्बन्धी सूचना प्रचार प्रसार पत्रपत्रिकामा विज्ञापन आदि गर्नुपर्ने भएकोले । | सांस्कृतिक मेलापर्वहरुको जर्गेना तथा प्रवर्धन सम्बन्धी सूचना प्रचार प्रसार पत्रपत्रिकामा विज्ञापन गराई विभिन्न स्थानीय चाड पर्वको व्यापक प्रचार प्रसार गर्ने गराउने । |

**निर्णय नं.७ :** टीकापुर नगरपालिका वडा नं. १ देखि ९ सम्म अधुरा रहेका आधारभुत स्वास्थ्य केन्द्र भवनहरु लागत इष्टिमेट गरी निर्माण गर्ने र उक्त इष्टिमेट बमोजिमको रकम **"भैपरी आउने पूँजीगत"** शिर्षकबाट भुक्तानी दिने ।

**निर्णय नं. ८ :** टीकापुर नगरपालिका वडा नं. २ स्थित तपसिल बमोजिमका मन्दिरहरु यस नगरपालिकाको बजेटले निर्माण भईसकेको र उक्त मन्दिरमा मूर्ती राख्न आवश्यक भएकोले मूर्ती खरिदको लागि तपसिल बमोजिमको बजेट विनियोजन गर्ने ।

**तपसिल :**

| क्र.सं. | कार्यक्रमको नाम | ठेगाना | विनियोजित बजेट | बजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १. | हरिदर्शन मन्दिरको लागि मूर्ती खरिद, | टी.न.पा.२ | १,००,०००।- | भैपरी आउने पूँजीगत | |
| २. | कालिका मन्दिरको मूर्ती खरिद | टी.न.पा.२, सीतापुर | ८०,०००।- | | अपुग रकम |
| ३. | भैरवनाथ मन्दिर को मूर्ती खरिद | टी.न.पा.५, टीकापुर वृहत उद्यान | १,००,०००।- | | |

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ९** : यहि मिति २०७८।०६।२३ गते आयोजना गरिएको बरघर/भलमन्सा सम्मेलन कार्यक्रम संचालनमा खर्च भएको वील बमोजिमको रकम **"साहत्यि कला र संस्कृति संरक्षण कार्यक्रम "** शिर्षकमा विनियोजित बजेटबाट भुक्तानी दिने ।

**निर्णय नं. १०:** टीकापुर नगरपालिकाको गौरवको रुपमा रहेको टीकापुर वृहत पार्कमा निर्माण भएको प्रवेशद्वार (गेट)मा पीत्तलको धातुको अक्षरांकन गर्न रु.१,००,०००।- (अक्षेरुपी एक लाख मात्र) **"भैपरी आउने पूँजीगत"** शिर्षकमा विनियोजित बजेटबाट भुक्तानी दिने ।

**निर्णय नं. ११** : यस नगरपालिकामा विभिन्न व्यक्ति/संघ/संस्थाहरुबाट विभिन्न कार्यक्रम संचालनका लागि तथा आर्थिक सहयोगका लागि विभिन्न मितिमा निवेदन पेश भएको सन्दर्भमा तपसिल बमोजिमका व्यक्ति/संघ/संस्थाहरुलाई आ.व.२०७८/७९ मा विनियोजित बजेटबाट तपसिल बमोजिम रकम विनियोजन गर्ने/उपलब्ध गराउने ।

| क.सं. | कार्यक्रम/विवरण | ठेगाना | सम्बन्धित व्यक्ति/संघ/संस्था | रकम | बजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | तीज संचालन कार्यक्रम | टी.न.पा.१ | शिव मन्दिर व्यवस्थापन समिति | १५,०००।- | विभिन्न दिवश सभा समारोहहरु उत्सव र स्थानीय संस्कृति प्रवर्द्धन कार्यक्रम | |
| २. | कृष्ण जन्माष्टमी संचालन कार्यक्रम | टी.न.पा.१ | थारु कल्याणकारी | १५,०००।- | | |
| ३. | तीज संचालन कार्यक्रम | टी.न.पा.१ | कर्णाली सेवा समाज | १५,०००।- | | |
| ४. | अनन्त पर्व कार्यक्रम संचालन | टी.न.पा.४ | वडा कार्यालय | १०,०००।- | | |
| ५. | डोली नचाउने कार्यक्रम | टी.न.पा.२, विजय नगर | भगत मण्डल | १०,०००।- | | |
| ६. | मुक्त कमैया दिवस समारोह | टी.न.पा.२, शिवनगर | मुक्त कमैया बस्ती | १५,०००।- | | |
| ७. | तीज संचालन कार्यक्रम | टी.न.पा.१, ब्लक नं.९ | न्यु प्रगतिशिल युवा समाज | १५,०००।- | | |
| ८. | तीज संचालन कार्यक्रम | टी.न.पा.१, ब्लक नं. १५ | टोल विकास एकता समाज | १५,०००।- | | |
| ९. | तीज संचालन कार्यक्रम | टी.न.पा.७ | | १५,०००।- | | |
| | जम्मा | | | १,२५,०००।- | | |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १२ :चालु आ.व.२०७८/७९ का लागि तपसिलको बजेट शिर्षकमा विनियोजित बजेटबाट तपसिल बमोजिमका कार्यक्रम/आयोजना सम्बन्धी संरचना निर्माण गर्ने ।

तपसिल :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | ठेगाना | लागत इष्टिमेट | बजेट शिर्षक | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | श्रीलंकाको सीमानामा पर्ने कर्णाली नदीमा अस्थायी तट्बन्धन निर्माण | टी.न.पा.८ | २,५०,१०८।६१ | विपद् व्यवस्थापन कोष | २,५०,१०८।६१ | कर्णाली नदीले पानीको वहावको कारण जमिन कटान गर्दा श्रीलंका बस्ती उच्च जोखममा पर्ने भएकोले उक्त कटान रोक्न तत्काल अस्थायी तटबन्धन गरिएको |
| २. | स्थानीय आपतकालिन कार्य संचालन केन्द्र निर्माण तथा आवश्यक सामग्री खरिद | न.पा.कार्यालय भित्र | | विपद् व्यवस्थापन कोष | ४,००,०००।- | कार्यकक्ष नभएकोले उक्त कार्यकक्ष निर्माण तथा आवश्यक साामग्री खरिद । |
| ३. | सपिंग कम्प्लेक्स भवनको अगाडीको भागमा माटो पटानी तथा ग्राभेल कार्य | टी.न.पा.१, | ३९,६७३।८५ | मर्मत सम्भार कोष | ३९,६७३।८५ | |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

१८ औं कार्यपालिका बैठकको निर्णय